मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ • अंक १२२ • २०८२ साल चैत्र ०७ गते शनिबार • Saturday 21, March 2026 • सूर्योदयः बिहान ०६:०८ बजे • सूर्यास्तः साँझ ०६:१६ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

## कर्मचारी सरुवाका लागि आवेदन आह्वान

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम उपमहानगरपालिकाले विभिन्न पदमा कार्यरत कर्मचारीलाई लक्षित गर्दै अन्तर–स्थानीय तह सरुवाका लागि आवेदन आह्वान गरेको छ। नगर कार्यपालिकाको कार्यालयद्वारा जारी सूचनाअनुसार स्वीकृत दरबन्दी तथा संगठन संरचनाअनुसार रिक्त रहेका पदहरू पूर्ति गर्न मधेश प्रदेशभित्रका स्थानीय तहमा कार्यरत कर्मचारीलाई सरुवा सहमतिका लागि निवेदन दिन आग्रह गरिएको हो।

सूचनामा प्रशासन सेवा, सामान्य प्रशासन समूह अन्तर्गत पाँचौँ र छैटौँ तहका वरिष्ठ सहायक तथा अधिकृत स्तरका १० पद रिक्त रहेको उल्लेख छ। सेवा, समूह र पद मिल्ने कर्मचारीहरूले अन्तर–स्थानीय तह सरुवा भएर उक्त पदमा आवेदन दिन सक्ने व्यवस्था गरिएको छ।

मधेश प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २५ को उपदफा (१) अनुसार सरुवा प्रक्रिया अघि बढाइएको उपमहानगरपालिकाले जनाएको छ।

उपमहानगरपालिकाले इच्छुक कर्मचारीलाई आवश्यक कागजातसहित तोकिएको समयभित्र निवेदन पेश गर्न आग्रह गरेको छ। सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यले यो प्रक्रिया सुरु गरिएको जनाइएको छ।

# प्रधानमन्त्री कार्कीद्वारा जानकी मन्दिरमा पूजाअर्चना

**प्रधानमन्त्री सुशीला कार्कीले जनकपुरधामस्थित जानकी मन्दिरमा पूजाअर्चना गर्दै धार्मिक आस्थाको प्रदर्शन गर्नुका साथै महोत्तरीको गौशालामा गाई संरक्षण, सेवा र त्यसलाई रोजगारीको माध्यमका रूपमा विकास गर्नुपर्ने आवश्यकता औंल्याएकी छिन्।**



**मधेशदृष्टि**
**जनकपुरधाम।**
प्रधानमन्त्री सुशीला कार्कीले पति दुर्गा सुवेदीका साथ जनकपुरधामस्थित जानकी मन्दिरमा शुक्रबार पूजाअर्चना गरेकी छिन्। जानकी मन्दिरका महन्थ रामतपेश्वर दासले प्रधानमन्त्री कार्कीलाई हिन्दू परम्परा अनुसार नियमनिष्ठापूर्वक जानकी मन्दिरमा पूजाअर्चनाका साथै आरती गराएका थिए। पूजाअर्चनाका क्रममा प्रधानमन्त्री कार्कीले जानकी मन्दिरमा रहेको र नित्य दिन पूजा हुँदै आएको सवा लाख शालिग्राम भगवान्को समेत दर्शन गरेको थिइन्। त्यसैगरी प्रधानमन्त्री कार्की जानकी मन्दिरमा हुँदै आएको सीताराम अखण्ड कीर्तनमा सहभागी हुँदै केही बेर सीतारामको जापसमेत गरेको थिइन्। बिहान ११ बजेर ४० मिनेटमा मन्दिर प्रवेश गरेकी प्रधानमन्त्री कार्कीले करिब १५ मिनेट जति मन्दिरमा पूजाअर्चना गरेकी थिइन्। पूजापश्चात् मन्दिरबाट फर्किने क्रममा प्रधानमन्त्री कार्कीले सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै आफू राजनीतिक व्यक्ति नभएकाले शुक्रबारको यात्रा धार्मिक भएको बताइन्। उनी जनकपुर विमानस्थलमा सुरक्षा अधिकारीहरूसँग छोटो अन्तक्रि्रयापश्चात् जानकी मन्दिर पुगेका हुन्। जनकपुर विमानस्थलमा प्रधानमन्त्री कार्कीलाई मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महतोसहित धनुषाका सुरक्षा निकायका प्रमुखहरूले स्वागत गरेका थिए।

### महोत्तरीको गाई गौशाला निरीक्षण

प्रधानमन्त्री सुशीला कार्कीले शुक्रबार महोत्तरीको गौशाला नगरपालिकामा अवस्थित गाई गौशालाको निरीक्षण गरेकी छिन्। उन शुक्रबार दिउँसो महोत्तरीको गौशाला नगरपालिका–३ नवराजपुर टोलमा अवस्थित निगौल गाई गौशालाको निरीक्षण गरेकी हुन्।
गाई गौशालाको निरीक्षणपछि प्रधानमन्त्री कार्कीले समयसमयमा यहाँका गाईको अवस्था दयनीय रहेको गुनासा उठ्दै आएको कुरालाई सम्झँदै गाईको संरक्षण गर्न, गाईको सेवा गर्न र गाई गौशालालाई रोजगारीको अवसरका रूपमा संरक्षण गर्न सुझाव दिइन्। उनले हिन्दू धर्ममा गाईलाई आमा मानिने गरिएकाले गाईमाथि कुनै पनि किसिमको शोषण हुन नदिन तथा यस गौशालालाई उद्योगका रूपमा विकास गरेर रोजगारी सृजना गर्न सल्लाह दिइन्।
प्रधानमन्त्री कार्कीले भन्नुभयो, 'हामी हिन्दूले चरा, मुसो, उल्लु सबैलाई पूजा गर्छौँ र श्वास भएका जीवजन्तुलाई सेवा गर्छौं,सबैले मिलेर गाईको सेवा गर्नुपर्छ।' उनले मैथिली भाषामा बोलेर गाईको सेवा गर्न स्थानीयलाई सम्बोधन गरेकी थिइन्। महोत्तरीको निर्वाचन क्षेत्र नं १ बाट निर्वाचित सांसद प्रमोद महतोलाई यस गौशालाको समस्या समाधानका लागि पहल गर्न आग्रह गरिन्।

# २० लाख रुपैयाँसहित तुरहा पक्राउ



**मधेशदृष्टि**
**वीरगंज।**
सशस्त्र प्रहरी बल नेपाल पर्साले २० लाख रुपैयाँ भन्दा बढी नगद सहित १ जनालाई पक्राउ गरेको छ। शुक्रवार बिहान वीरगंज महानगरपालिका वडा नं १६, भन्सार मेनगेटमा बाट सशस्त्र प्रहरीले मोटरसाइकलमा सवार व्यक्तिलाई विशेष सूचनाका आधारमा चेक जाँच गर्दा रकम फेला परेको हो। भारतबाट नेपालतर्फ आउदै गरेको बीआर ०५ बिके ८६०३ नम्बरको मोटरसाइकललाई चेक जाँच गर्ने क्रममा मोटरसाइकल चालक वीरगंज महानगरपालिका वडा नं. १७ अलौका ५० वर्षीय विनय शंकर साह तुरहाले मोटरसाइकलको सिट कभरमुनि प्लास्टिकमा प्याक गरी लुकाइछुपाइ ल्याउँदै गरेको अवस्थामा रकम फेला परेको हो। रकमको आधिकारिकतासम्बन्धी उनले कुनै कागज प्रमाण देखाउन नसकेपछि रकम र मोटरसाइकलसहित साहलाई नियन्त्रणमा लिइएको सशस्त्र प्रहरी हेडक्वार्टर पर्साले जनाएको छ। बरामद रकम मोटरसाइकलसहित पक्राउ परेका व्यक्तिलाई आवश्यक कारवाहीका लागि वीरगंज भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी बल नेपाल १३ नं गण हेडक्वाटरका सूचना अधिकारी मोहनराज निरौलाले जानकारी गराए।

# बम विस्फोट प्रकरणमा लेखापढी व्यवसायी पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम।**
सिरहा जिल्ला अदालत अगाडि रहेको बार एशोसिएसन कार्यालयमा भएको कुकर बम विस्फोट घटनामा संलग्नताको आशंकामा प्रहरीले एक जनालाई पक्राउ गरेको छ।
जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार सुखीपुर नगरपालिका–३ निवासी लेखापढी व्यवसायी गुमस्ता यादवलाई शंकाको आधारमा नियन्त्रणमा लिइएको हो। उनलाई चार दिनदेखि हिरासतमा राखेर घटनाबारे गहन अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।
प्रहरीका सूचना अधिकारी डीएसपी रमेशबहादुर पालका अनुसार घटनासम्बन्धी थप विवरण अनुसन्धान निष्कर्षपछि मात्र सार्वजनिक गरिनेछ। हालसम्म प्राप्त सूचनाका आधारमा एक जनालाई



नियन्त्रणमा लिइएको र थप प्रमाण संकलनको काम जारी रहेको उनले बताए।
पक्राउ परेका यादवले सिरहा अदालत परिसर अगाडि नै कार्यालय सञ्चालन गर्दै आएका थिए। घटनाको कारण र उद्देश्यबारे अझै स्पष्ट हुन बाँकी रहेको प्रहरीले जनाएको छ। गत फागुन २७ गते अपराह्न भएको उक्त विस्फोटमा कार्यालयमा कार्यरत एक कर्मचारी घाइते भएका थिए। घाइते हुनेमा सिरहा नगरपालिका–१ निवासी सौरभ यादव रहेका छन्। उनको खुट्टामा चोट लागेको प्रहरीले जानकारी दिएको छ।
विस्फोटका कारण कार्यालयभित्र रहेका कम्प्युटर लगायतका सामग्रीमा क्षति पुगेको छ। घटनापछि सुरक्षा व्यवस्था कडा बनाइएको जिल्ला प्रहरीले जनाएको छ।

# प्रतिनिधिसभामा मधेशी दलितको प्रतिनिधित्व शून्य, मधेशमा बिरोध



**मधेशदृष्टि**
**जनकपुरधाम।**
संविधानले सुनिश्चित गरेको समावेशी प्रतिनिधित्वको व्यवस्था कार्यान्वयनमा नआउँदा मधेशी दलित समुदाय अझै पनि राज्यसत्ताबाट बाहिरै रहेको तथ्य पुनः उजागर भएको छ। तीन पटक प्रतिनिधिसभा निर्वाचन सम्पन्न भइसक्दा पनि मधेशी दलित समुदायबाट एक जना पनि प्रतिनिधि निर्वाचित हुन नसक्नुले राजनीतिक दलहरूको प्रतिबद्धतामाथि प्रश्न उठाएको छ।
संविधानको धारा ४० ले दलित समुदायलाई राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गरेको भए पनि व्यवहारमा यसको प्रभाव देखिएको छैन। समानुपातिक निर्वाचन प्रणालीमार्फत समावेशी प्रतिनिधित्व गराउने व्यवस्था भए पनि दलहरूले आफ्ना निकटका कार्यकर्ता र समूहलाई प्राथमिकता दिँदा वास्तविक रूपमा पछि परेका समुदाय ओझेलमा परेका छन्।
राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा दलित समुदायको जनसंख्या करिब ३८ लाख ९८ हजारभन्दा बढी छ। यसमध्ये मधेशी दलितको हिस्सा उल्लेख्य भए पनि राजनीतिक प्रतिनिधित्व भने शून्य छ। मधेश प्रदेशमा मात्र करिब १८ प्रतिशत जनसंख्या दलितहरूको रहेको अनुमान छ।
अघिल्ला निर्वाचनहरूमा पनि मधेशी दलितको उपस्थिति अत्यन्त न्यून रहँदै आएको थियो। २०७४ सालको प्रतिनिधिसभामा १९ जना दलित सांसद निर्वाचित हुँदा मधेशी दलित एक जना मात्र थिए भने २०७९ मा १६ जना दलितमध्ये पनि एक जनामात्र मधेशी दलित प्रतिनिधि बनेका थिए। तर पछिल्लो निर्वाचनमा भने उक्त संख्या शून्यमा झरेको छ।
प्रत्यक्षतर्फ पनि मधेशी दलित समुदायले टिकट नपाउनु वा जित्न नसक्नुले राजनीतिक दलहरूको प्राथमिकता प्रस्ट पार्छ। दलहरूले निर्वाचनका बेला दलित र विपन्न वर्गलाई मतदाताको रूपमा मात्र प्रयोग गर्ने तर प्रतिनिधित्व दिन नसक्ने प्रवृत्ति दोहोरिँदै आएको देखिन्छ।
यसैबीच, हालै सम्पन्न निर्वाचनमा मधेश क्षेत्रका अधिकांश सिट जितेको राष्ट्रिय स्वतन्त्र पार्टीले पनि मधेशी दलितलाई उम्मेदवार नबनाएको भन्दै आलोचना भएको छ। परिवर्तनको नारासहित उदाएको उक्त दलबाट समेत समावेशी प्रतिनिधित्वको अपेक्षा गरिएको थियो।
मधेशलाई भोट बैंकका रूपमा प्रयोग गरिएको आरोप लगाउँदै यस विषयमा सर्वोच्च अदालतमा रिट दायर गरिएको छ। साथै, दलित अधिकारकर्मीहरूले संविधानअनुसारको प्रतिनिधित्व सुनिश्चित गर्न सरकार र राजनीतिक दलहरूमाथि दबाब बढाएका छन्।
विशेषज्ञहरूका अनुसार संविधानले दिएको अधिकार कार्यान्वयन नगरे समावेशी लोकतन्त्र कमजोर हुने चेतावनी दिएका छन्। उनीहरूले मधेशी दलित समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न ठोस राजनीतिक प्रतिबद्धता आवश्यक रहेको बताएका छन्।

# घाटा बजेटका कारण मधेशमा योजना कार्यान्वयनमा समस्या

**मधेशदृष्टि**
**जनकपुरधाम।**
यथार्थपरक स्रोत सुनिश्चित नगरी अनुमानकै आधारमा बजेट निर्माण गर्ने प्रवृत्तिका कारण मधेश प्रदेश सरकार गम्भीर आर्थिक दबाबमा परेको छ। अपेक्षाअनुसार राजस्व संकलन हुन नसक्नु, संघीय बाँडफाँटबाट प्राप्त हुने रकम लक्ष्यभन्दा कम हुनु र संघीय अनुदान कटौती हुनुजस्ता कारणले प्रदेश सरकारले चालु आर्थिक वर्षमा बजेट व्यवस्थापनमै चुनौती सामना गरिरहेको छ।
आर्थिक स्रोत अभावकै कारण प्रदेश सरकारले चालु वर्षको बजेटमा करिब २० प्रतिशतसम्म कटौती गर्नुपरेको छ। योजना अनुसार भुक्तानी गर्न कठिन हुने संकेत देखिएपछि अर्थ मन्त्रालयले आठ महिना बितिसक्दा पनि धेरै योजनाहरूको बजेट 'लक' खुला नगरेको अवस्था छ।
प्रदेश सरकार स्थापना भएयता आर्थिक अनुशासन, पारदर्शिता र सुशासनलाई प्राथमिकता दिने प्रतिबद्धता दोहोरिँदै आए पनि व्यवहारमा भने ठूला र दीर्घकालीन आयोजनाभन्दा साना तथा वितरणमुखी योजनाहरूले प्राथमिकता पाउँदै आएका छन्। मुख्यमन्त्री तथा मन्त्रीहरूले प्रदेश गौरवका आयोजनाभन्दा आफ्नै निर्वाचन क्षेत्र केन्द्रित ५ लाखदेखि ३० लाखसम्मका साना योजनामा बजेट विनियोजन गर्ने प्रवृत्ति अझै रोकिएको छैन।
यसको प्रत्यक्ष असर बजेट कार्यान्वयनमा देखिएको छ। चालु आर्थिक वर्षको आठ महिनासम्म प्रदेश सरकारले कुल ११.४७ प्रतिशत मात्र बजेट खर्च गर्न सकेको छ। यसमध्ये चालुतर्फ २०.३४ प्रतिशत र पुँजीगततर्फ ६.६८ प्रतिशत मात्र खर्च भएको छ, जुन अत्यन्त न्यून मानिन्छ।
चालु आर्थिक वर्षका लागि प्रदेश सरकारले ४६ अर्ब ९८ करोड ३३ लाख रुपैयाँको बजेट ल्याएको थियो। जसमा संघीय अनुदान, वैदेशिक सहयोग, आन्तरिक राजस्व, संघीय बाँडफाँट राजस्व, गत वर्षको मौज्दात र आन्तरिक ऋण समावेश छन्। तर हालसम्म विभिन्न शीर्षकमा जम्मा करिब १५ अर्ब ९८ करोड रुपैयाँ मात्र प्राप्त भएको छ, जुन कुल बजेटको करिब ३४ प्रतिशत हो।
विशेषगरी आन्तरिक राजस्व संकलन अत्यन्त न्यून देखिएको छ। लक्ष्यअनुसार राजस्व उठाउन नसक्नु प्रदेश सरकारका लागि सुरुदेखिकै प्रमुख चुनौती रहँदै आएको छ। स्रोत अभावकै कारण २५ लाख रुपैयाँभन्दा कम लागतका योजनाहरूको बजेट समेत हालसम्म रोकिएको छ।
यता, पहुँच र दबाबका आधारमा बजेट विनियोजन गरिएको भन्दै आलोचना हुँदै आएको छ। करिब १० अर्बभन्दा बढीको बजेट घाटामा रहेको निष्कर्षपछि सरकारले सबै मन्त्रालय तथा निकायको बजेटमा २० प्रतिशत कटौती गरेको हो।
यद्यपि स्रोत अभावका बीच पनि प्रदेश सरकारले सांसदहरूलाई वितरणमुखी कार्यक्रममार्फत बजेट उपलब्ध गराउने कार्य भने निरन्तर राखेको छ। सर्वोच्च अदालतको निर्देशनविपरीत प्रत्यक्ष निर्वाचित प्रदेशसभा सदस्यलाई करिब ५ करोड र समानुपातिक सदस्यलाई २ करोड रुपैयाँसम्मका योजना दिने अभ्यासले बजेटमा थप दबाब सिर्जना गरेको विश्लेषण गरिएको छ।
आर्थिक स्रोतको यथार्थ मूल्यांकन नगरी खर्चमुखी बजेट ल्याउने प्रवृत्तिले मधेश प्रदेशको वित्तीय अवस्था कमजोर बन्दै गएको सरोकारवालाहरू बताउँछन्। उनीहरूले दीर्घकालीन आर्थिक सुधारका लागि स्रोत सुनिश्चितता, खर्च नियन्त्रण र पारदर्शी बजेट प्रणाली अपरिहार्य रहेको बताएका छन्।

## सम्पादकीय

# बदलिँदो मौसम र सुरक्षाको चुनौती

शुक्रबार अप्रत्यासित रूपमा आएको विनाशकारी हावाहुरी र बदलिएको मौसमले देशभरको जनजीवन नराम्ररी प्रभावित बनाएको छ । विशेषगरी लुम्बिनी, कोशी, कर्णाली र सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लाहरूमा आएको तीव्र गतिको हुरीले सर्वसाधारणमा ठूलो त्रास फैलाएको छ । आकाश एक्कासि मडारिएर आएको यो मौसमी परिवर्तनले प्रकृति कति अनिश्चित र शक्तिशाली छ भन्ने तथ्यलाई पुनः एकपटक स्मरण गराएको छ । हुरीसँगै कतै भारी वर्षा र उच्च हिमाली भेगमा हिमपात हुँदा जनजीवन कष्टकर बनेको छ।

यस प्राकृतिक विपद्को सबैभन्दा प्रत्यक्ष असर पूर्वाधार र सार्वजनिक सेवामा देखिएको छ। हुरीका कारण रुखहरू ढल्ने र विद्युत्का पोलहरूमा क्षति पुग्दा देशका धेरै स्थानमा विद्युत् सेवा पूर्ण रूपमा अवरुद्ध भएको छ। सञ्चार र यातायातका साधनहरू प्रभावित हुँदा सर्वसाधारणको दैनिक कामकाज मात्र रोकिएन, सुरक्षा र आपत्कालीन सेवामा समेत चुनौती थपिएको छ। यस्ता आकस्मिक घटनाले हाम्रा भौतिक पूर्वाधारहरू कति कमजोर छन् र विपद्को समयमा सेवा प्रवाहलाई कसरी निरन्तरता दिने भन्ने गम्भीर प्रश्न खडा गरेको छ।

मौसममा आएको यो फेरबदलले सर्वसाधारणमा मानसिक र भौतिक दुवै प्रकारको क्षति पुऱ्याएको छ। तीव्र गतिको हुरी र गर्जनसहितको वर्षाले मानिसहरूलाई घरभित्रै थुनिन बाध्य बनायो भने बाटोमा रहेका यात्रीहरू बीचैमा अलपत्र परे। कतिपय स्थानमा बालीनालीमा क्षति पुगेको छ भने हिमाली क्षेत्रमा भएको हिमपातले पशुचौपाया र मानिसको दैनिक दिनचर्यालाई थप कठिन बनाएको छ। प्रकृतिको यो रौद्र रूपले विशेषगरी विपन्न र असुरक्षित आवासमा बस्ने समुदायलाई बढी जोखिममा पारेको देखिन्छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पूर्वसूचना जारी गरे पनि यसको प्रभावकारी कार्यान्वयन र नागरिकस्तरसम्मको पहुँचमा अझै सुधारको खाँचो देखिएको छ । जलवायु परिवर्तनका कारण मौसममा आउने यस्ता उग्र र अप्रत्यासित परिवर्तनहरू अब सामान्य बन्दै गएका छन्। त्यसैले, सरकारले केवल चेतावनी जारी गरेर मात्र पुग्दैन, बरु विपद् प्रतिकार्यका लागि स्थानीय तहसम्मै दक्ष जनशक्ति र स्रोतसाधनको व्यवस्थापन गर्न ढिलाइ गर्नु हुँदैन। पूर्वतयारी र सूचनाको सही प्रवाहले मात्र सम्भावित मानवीय र भौतिक क्षतिलाई कम गर्न सकिन्छ।

अन्ततः, बदलिँदो मौसम र यसले निम्त्याउने जोखिमप्रति सबै पक्ष सचेत हुनु अनिवार्य छ। विद्युत् र सञ्चार जस्ता अत्यावश्यक सेवालाई छिटोभन्दा छिटो सुचारु गर्न सम्बन्धित निकायले सक्रियता देखाउनुपर्छ। नागरिकहरूले पनि मौसम पूर्वानुमानलाई ध्यान दिँदै सुरक्षित स्थानमा रहनु र अनावश्यक यात्रा नगर्नु नै बुद्धिमानी हुनेछ। प्रकृतिसँग जुध्न सम्भव नभए पनि उचित तयारी, सतर्कता र बलियो पूर्वाधार निर्माणमार्फत हामी यस्ता विपद्को सामना गर्न सक्षम हुनुपर्छ।

# हुरीसहित असिना पानीको सम्भावना सतर्कता अपनाउन आग्रह

प्रगति ढकाल/रासस

जल तथा मौसम विज्ञान विभागले आज अपराह्नपछि नै विशेषगरी तराईका केही जिल्लामा हुरीसहित असिना पानीका कारण मानवीय र भौतिक क्षति हुनसक्ने भन्दै उच्च सतर्कता अपनाउन आग्रह गरेको छ । हावाहुरीका कारण हुनसक्ने सम्भावित क्षति कम गर्न अनावश्यक रुपमा घर बाहिर ननिस्कन तथा आवश्यक सावधानी अपनाउन आग्रह गरिएको छ।

विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीले मौसमी सूचनालाई वेवास्ता गर्दा नेपालमा प्राकृतिक विपद्बाट हुने क्षति बढ्ने गरेकाले सर्वसाधारणलाई आवश्यक सतर्कता अपनाउन सुझाव दिनुभयो । हावाहुरी र असिना पानी परेको समयमा सवारीसाधन नचालाउन, रुख तथा बिजुलीको खम्बा नजिक नबस्न तथा अनावश्यक बाहिर ननिस्कन उहाँले आग्रह गर्नुभयो।

विभागका अनुसार आज अपराह्नपछि नै कर्णाली र सुदूरपश्चिम प्रदेशका धेरै स्थानमा, गण्डकी, लुम्बिनी प्रदेशलगायत कोशी प्रदेशको पहाडी र हिमाली भू–भागका केही स्थान तथा वाग्मती, मधेशलगायत कोशी प्रदेशको तराईका थोरै स्थानमा चट्याङ, असिना र हुरीसहित मध्यम वर्षा र हिमपातको सम्भावना छ। विभागका प्रवक्ता विभूति पोखरेलले अपराह्नपछि भने विषेशगरी तराईका क्षेत्रमा हुरी चल्ने र सो क्रम दुईदेखि तीन घण्टासम्म रहने भएकाले विषेश सतर्कता अपनाउन अनुरोध गर्नुभयो।

'अहिले पनि सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशका केही जिल्लामा मेघगर्जन–चट्याङसहित हल्का पानी परिरहेको छ। यो प्रणाली उत्तर–पूर्वतिर सर्दै गइरहेको हुनाले आवश्यक सतर्कता अपनाउनु जरुरी छ', प्रवक्ता पोखरेलले भन्नुभयो, 'मधेश प्रदेशलगायत कोशी र लुम्बिनी प्रदेशको तराई भू–भागमा हावाहुरी (करिब ५०–६० किमी–घण्टा) चल्ने सम्भावना रहेको छ। यस कारण रुख ढल्ने, कमजोर संरचना र छाना उड्ने, विद्युत् तथा सञ्चार सेवा प्रभावित हुने जोखिम रहनसक्ने हुँदा त्यसको असरबाट बच्न आवश्यक उपाय तथा सतर्कता अपनाउन आवश्यक छ।'

प्रवक्ता पोखरेलका अनुसार आज दिउँसो कर्णाली र सुदूरपश्चिम प्रदेशको पहाडी र हिमाली भू–भागका एक–दुई स्थानमा भारी वर्षा–हिमपातको सम्भावना छ। विभागका अनुसार हाल नेपालमा पश्चिमी न्यूनचापीय प्रणाली र स्थानीय वायुको प्रभाव रहेको छ।

#### उपत्यकामा कम प्रभाव

प्रवक्ता पोखरेलले काठमाडौँ उपत्यकामा हुरीको प्रभाव भने कम रहने बताउनुभयो। विशेष गरी तराईमा यसको प्रभाव बढी परे पनि आत्तिनुपर्ने अवस्था नभएको तर सर्तकता अपनाउन आवश्यक भएको उहाँको भनाइ छ।

प्रवक्ता पोखरेलले हुरी चलिरहेको समयमा घरबाहिर ननिस्कन सुझाव दिनुभएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार आकाशमा बिजुली चम्किन थालेर गड्याङगुडुङ गर्न थालेपछि सतर्क हुने र नजिकै कुनै घर–संरचना भएभित्र गइहाल्नुपर्छ।

प्राधिकरणका उपसचिव रामबहादुर केसीले प्रभावित क्षेत्रका बासिन्दा र यात्रुलाई अनावश्यक यात्रा नगर्न, सुरक्षित स्थानमा बस्न र सवारीसाधन सञ्चालन नगर्न विशेष सतर्कता अपनाउन आग्रह गर्नुभयो। साथै, कमजोर संरचना र बिजुलीका तारमा जोखिम हुनसक्ने भएकाले विद्युत् उपकरण नचलाउनसमेत उहाँको अनुरोध छ।

सुरक्षित ओत नभेटे टाउको दुवै घुँडाको बीचमा राखेर दुवै हातले खुट्टा समाउने र खुट्टाको पञ्जाले भुइँमा टेकेर दुवै कुर्कुच्चा जोडेर टुक्रुक्क बसी निहुरेर शरीरलाई जतिसक्दो सानो बनाई कान थुनेर बस्न प्राधिकरणले सुझाव दिएको छ। समूहमा भए सबै जना छुट्टिएर टाढाटाढा बस्ने, यसो गर्दा धेरैजना हताहत हुनबाट जोगिन सकिन्छ। खुला क्षेत्र वा जङ्गलमा भए सम्भव भएसम्म होचो स्थान वा खोँचमा गएर बस्नुपर्छ।

उपसचिव केसीले रुख वा बिजुली र फोनका खम्बामुनि वा टावर नजिक नबस्ने, छाता नओढ्ने, खेतबारीमा काम गरिरहेको भए बन्द गर्ने, खोला, पोखरी वा स्विमिङ पुलमा भए तुरुन्त बाहिर निस्किन सुझाव दिनुभयो। माछा मार्ने कार्य तथा ¥याफ्टिङ नगर्ने, बिजुली र फोनको अग्लो खम्बा, अग्लो भवन, ठूलो रुख नजिक नबस्न, साइकल वा मोटरसाइकलमा भए तुरुन्त छेउ लगाई उत्रने तथा धातुको कुनै पनि वस्तु, सवारीसाधन वा उपकरण नछुन उहाँले सुझाव दिनुभयो।

#### आइतबारदेखि मौसम खुल्ने

जल तथा मौसम विभागअन्तर्गत मौसम पूर्वानुमान माहाशाखाले तीन दिन देशभर बदली, वर्षा र हिमपातको प्रभाव; केही स्थानमा भारी वर्षा हुने सम्भावना रहेको जनाएको छ। देशभर आगामी तीन दिनसम्म बदलीसँगै वर्षा, हिमपात तथा चट्याङ्गको प्रभाव रहने मौसम पूर्वानुमान गरिएको छ। मौसम विभागका अनुसार शुक्रबारदेखि आइतबारसम्म विभिन्न प्रदेशमा मेघगर्जन, असिना र हुरीसहित वर्षा हुने सम्भावना छ।

आज दिउँसो देशभर अधिकांश स्थानमा बादल लाग्नेछ। कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका धेरै स्थानमा गण्डकी प्रदेश, लुम्बिनी प्रदेश तथा कोशी प्रदेशका पहाडी र हिमाली भूभागका केही स्थानमा मेघगर्जन, चट्याङ्ग, असिना र हुरीसहित मध्यम वर्षा तथा हिमपातको सम्भावना छ । यीमध्ये कर्णाली र सुदूरपश्चिमका पहाडी तथा हिमाली क्षेत्रका एक–दुई स्थानमा भारी वर्षा वा हिमपात हुनसक्ने चेतावनी दिइएको छ।

महाशाखाको मौसमी बुलेटिनअनुसार शुक्रबार राति मौसम अझ सक्रिय हुने देखिएको छ । कोशी प्रदेश, मधेश प्रदेश, गण्डकी, कर्णाली र सुदूरपश्चिमका धेरै स्थानमा तथा वाग्मती प्रदेश र लुम्बिनीका केही स्थानमा मेघगर्जन र चट्याङ्गसहित मध्यम वर्षा हुने सम्भावना छ। कोशी र मधेश प्रदेशका एक–दुई स्थानमा भारी वर्षा हुन सक्ने जनाइएको छ।

शनिबार दिउँसो पनि देशभर बदली कायम रहनेछ । कोशी, मधेश, वाग्मती र गण्डकी प्रदेशका धेरै स्थानमा तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका केही स्थानमा मेघगर्जन, चट्याङ्ग, असिना र हावाहुरीसहित मध्यम वर्षा र हिमपातको सम्भावना रहेको बुलेटिनमा उल्लेख छ। बुलेटिनअनुसार राति भने मौसम केही सुधार हुँदै हल्का वर्षामात्र सीमित स्थानमा हुने अनुमान गरिएको छ।

महाशाखाका अनुसार आइतबारदेखि मौसम क्रमशः खुल्ने सङ्केत देखिएको छ। पहाडी र हिमाली भूभागमा सामान्य बदली र तराईमा आंशिक बदली रहनेछ। केही स्थानमा मात्र हल्का वर्षा र हिमपात हुने सम्भावना रहेको बुलेटिमा उल्लेख छ।। राति पनि अधिकांश स्थानमा आंशिक बदली रहनेछ भने कोशी प्रदेश र गण्डकी प्रदेशका हिमाली क्षेत्रमा एक–दुई स्थानमा हल्का वर्षा वा हिमपात हुनसक्ने माहाशाखाको पूर्वानुमान छ।

# पश्चिम एसियाको तनाव: ट्रान्जिटमा फसेका नेपाली लागे गन्तव्यतर्फ

भीष्मराज ओझा/रासस

पश्चिम एशिया क्षेत्रमा विकसित तनावपछि गन्तव्यमा जान नसकी विभिन्न मुलुकमा फसेका नेपाली नागरिक अवस्था केही सहज भएपछि आफ्ना गन्तव्यतर्फ लागेका छन्।

सुरुमा दोहा, दुवई जेद्दा र कुवेत सिटीमा बढी समस्या देखिएकामा हाल दोहा र दुबईमा सीमित मात्रामै भए पनि हवाई सम्पर्क सुरु भएकाले ती दुई ठाउँमा रहेका ट्रान्जिटमा रहेका सबै नेपालीहरू गन्तव्यतर्फ लाग्नुभएको हो।

जेद्दामा समस्यामा परेका ५२ जना हजयात्रीहरू यही चैत ५ गते फर्किसक्नुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ। त्यस्तै कुवेत सिटीमा समस्यामा परेका सुरुका ५२ जनामध्ये बाँकी रहेका ३३ जनाको पनि यही चैत ४ गते साउदी अरेबियाको भिसाको प्रबन्ध मिलाइ गन्तव्यतर्फ जान आवश्यक समन्वय गरिएको मन्त्रालयको भनाइ छ।

त्यहाँको पछिल्लो अवस्था र त्यहाँ रहेका नेपालीहरूको सुरक्षा तथा सहयोगका लागि भएका पहलहरू बारेमा परराष्ट्र मन्त्रालयले शुक्रबार पत्रकार सम्मेलन गरी जानकारी गराएको हो। पश्चिम एसिया तनाव सुरु भएको आज २१ दिन बितिसकेको छ। त्यहाँ तनाव कम गर्नका लागि विभिन्न प्रयासहरू भइरहेको भए पनि गल्फ कोअपरेशन काउन्सिल(जिसिसी) सदस्य मुलुक लक्षित ड्रोन तथा मिसाइल आक्रमण जारी नै रहेको देखिएको छ।

मन्त्रलयलका प्रवक्ता लोकबहादुर क्षेत्री पौडेलले पश्चिम एसियाको समग्र अवस्था, नेपालीको सुरक्षाका बारेमा जानकारी गराउँदै हालसम्म युएईमा एक जना नेपालीको निधन भएको २० जना नेपालीलाई सामान्य चोटपटक लागेको बताउनुभयो। 'घाइतेमध्ये एक जनाबाहेक सबै जना उपचारपछि घर फर्केको अवस्था छ। अस्पतालमा रहेका एक जना नेपाली पनि खतरामुक्त हुनुहुन्छ,' उहाँले भन्नुभयो, 'यी घटनाबाहेक उक्त क्षेत्रका सबै मुलुकमा रहनुभएका सबै नेपालीहरू सुरक्षित हुनुहुन्छ।'

मन्त्रालयले सचिवको संयोजकत्वमा विभिन्न निकायका प्रतिनिधि रहनुभएको आपत्कालीन प्रतिकार्य समूह गठन भई उक्त टिमको तेस्रो बैठकसमेत पनि सम्पन्न भएको छ । यस्तै मन्त्रालयमा स्थापना भएको आपत्कालीन नियन्त्रण कक्ष २४सै घण्टा सञ्चालनमा रहेको छ।

मन्त्रालयेको कन्सुलर सेवा विभागले जानकारी, समन्वय र सम्भावित उद्धारका उक्त क्षेत्रमा रहेका नेपालीको विवरण सङ्कलनका लागि खोलेको अनलाइन फाराम भर्नेहरूको नेपालीको सङ्ख्या शुक्रबारसम्म ८२ हजार १०० पुगेको प्रवक्ता क्षेत्रीले बताउनुभयो।

#### त्रास फैलाउने फोटो–भिडियो सामाजिक सञ्जालमा राख्ने सात नेपाली पक्राउ

यसैगरी केही नेपालीहरूबाट त्रास वा डर फैलाउने उद्देश्यका फोटो, भिडियो वा अन्य कन्टेन्ट बनाउने तथा त्यस्ता सामग्री सेयर गर्ने सात जना नेपाली पक्राउ परेका छन् । 'सङ्कटको समयमा आफू बसेको देशका सरकारले जारी गरेका सुरक्षासम्बन्धी नियम कानुनको पूर्ण पालना गर्नु सबैको कर्तव्य र दायित्व हो,' उहाँले भन्नुभयो, 'हालको विषम परिस्थितिमा जारी भएका सूचना एडभाइजरी तथा निर्देशनहरू कानुनसरह लागू हुने भएकाले उल्लङ्घन गरेमा ठूलो जरिवाना हुने, जेल बस्नुपर्ने र डिपोर्ट हुनुपर्नेलगायतका गम्भीर कानूनी कारबाही भोग्नुपर्ने हुन्छ।'

नेपालले यही मार्च १ तारिखमा प्रेस वक्तव्य जारी गरी द्वन्द्वरत पक्षहरूलाई तनाव थप नबढाउन, अधिकतम संयमता अपनाउन, अन्तरराष्ट्रिय कानुनको पालना गर्न, नागरिक तथा नागरिक पूर्वाधारहरूको सुरक्षामा ध्यान दिन तथा अन्तरराष्ट्रिय मानवीय कानुनको सम्मान गर्न आग्रह गरेको थियो । त्यसैगरी, आपत्कालीन नियन्त्रण कक्षमा हालसम्म ७८ वटा कलसहित १७० पटक सम्पर्क गरिएको छभने धेरैजसो विषयहरू सुरक्षा र श्रम स्वीकृतिसँग सम्बन्धित रहेका मन्त्रालयले जनाएको छ।

नेपालका १० वटै नियोगहरूमा पनि हटलाइन राखिएको र त्यहाँबाट समस्यामा परेका नेपालीहरूको विवरण लिने र समन्वय गर्ने कार्य भइरहेको मन्त्रालयको मध्य एसिया, पश्चिम एसिया तथा अफ्रिका महाशाखाका प्रमुख रामकाजी खड्काले जानकारी दिनुभयो।

'हाल अनलाइन प्रणालीमा, नियोगमा र यहाँ नियन्त्रण कक्षमा फोन गर्ने 'म असुरक्षित छु' भन्ने खालको समस्या बताउने क्रम क्रमशः घट्दै गएको देखिन्छ,' उहाँले भन्नुभयो, 'कन्ट्रोल रूममा आज कुनै पनि सम्पर्क (कल, मेसेज वा इमेल) गरिएको छैन भने हिजो बिहीबारमात्र सात कल वा मेसेज प्राप्त भएका थिए।'

आपत्कालीन प्रतिकार्य समूहको तेस्रो बैठकका निर्णयअनुसार पुनः श्रम स्वीकृतिको विषय लागू भएको उहाँले बताउनुभयो।

त्यसैगरी, मन्त्रालयले हालको राहदानी प्रणालीबाट नयाँ प्रणालीमा स्थानान्तरण गर्ने प्रक्रियामा रहेको जनाएको छ । राहदानी विभागका महानिर्देशक तीर्थराज अर्यालले नयाँ राहदानी प्रणाली कार्यान्वयन योजनाका सम्बन्धमा जानकारी गराउनुभयो।

# सिथिल विश्व व्यापारलाई मार्ग प्रशस्त गर्नै तयारीमा डब्ल्यूटीओ

मध्य पुर्व युद्धको कारण सिथिल व्यापारलाई उचित मार्ग प्रसस्त गर्ने विश्व व्यापार सङ्गगठन (डब्लुटीओ) ले अर्को हप्ता याओन्डेमा मन्त्री स्तरीय सम्मेलन तय गरेको जनाइएको छ। सम्मेलनले विश्वव्यापी व्यापार तनाव र अमेरिकी शुल्क अवरोधहरूको बीचमा सुधारको बाटो खोज्ने अपेक्षा गरिएको छ।

विश्व व्यापार सङ्गठनको मन्त्रीस्तरीय सम्मेलन विश्व व्यापार सम्बन्धि सर्वोच्च निर्णय गर्ने निकाय हो, सामान्यतया प्रत्येक हरेक वर्ष यो सम्मेलन आयोजना गरिन्छ।

क्यामरुनको राजधानीमा मार्च २६–२९ सम्ममा आयोजना गरिएको सम्मेलन उच्च जोखिम र मध्य पूर्वमा युद्धको कारण डब्ल्यूटीओको विश्वव्यापी व्यापार वृद्धिलाई सुस्त पार्ने पूर्वानुमानको बिरूद्ध आयोजना गरिने जनाइएको छ।

कठिन भूराजनीतिक परिस्थितिको विच जागरण आह्वान मार्फत निरन्तर प्रणाली सुधार कायम राख्न आवश्यक रहेको महानिर्देशक एनगोजी ओकोन्जो–इविलाले बताउनु भएको छ।

अघिल्लो मन्त्रीस्तरीय सम्मेलनहरूको तुलनामा हालको स्थिति बढी तनावपूर्ण हुने सम्भावना रहेको कोलम्बिया ल स्कुलका प्राध्यापक पेट्रोस माभ्रोइडिसले चेतावनी दिनु भएको छ।

युरोपेली युनियनले पनि विश्व प्यापार सङ्गठन एक महत्वपूर्ण र वास्तवीक अस्तित्वको चरणमा रहेका बताएको छ भने बेलायतले उल्लेख्य सुधार बिना प्राथमिकता कायम नरहने बताएको छ।

विश्व व्यापार संगठनका लागि स्विस राजदूत इर्विन बोलिङ्गरले विश्व व्यापार संगठनले सान्दर्भिकता गुमाउँदा व्यापार प्रणालीको थप विभाजन हुन सक्ने चेतावनी दिनु भएको छ।

गत वर्ष डोनाल्ड ट्रम्प ह्वाइट हाउस फर्केपछि डब्ल्यूटीओको पहिलो मन्त्रीस्तरीय सम्मेलन हुदैछ जसले बहुपक्षवाद र डब्ल्यूटीओ नियमहरूमा शुल्क र द्विपक्षीय व्यापार सम्झौताहरूमाथि आक्रमणको अवरोध खडा गरेको छ। यसैबीच हाल अमेरिका विश्व व्यापार संगठनबाट बाहिरिसकेको छ।

विश्व व्यापार संगठनका लागि अमेरिकी राजदूत जोसेफ बार्लुनले गत हप्ता आफ्नो देशले हालको विश्व व्यापार संगठन सुधार प्रस्तावलाई अस्वीकार गरेको बताउनु भएको छ । तर अन्य विकासोन्मुख देशहरूलगायत जस्तै चीनले यो नियम विश्व व्यापार संगठनको आधार बन्न चाहेको बताएको छ।

ट्रम्प सत्तामा फर्कनु भन्दा अघि देखि नै संगठनले संरचनात्मक र भूराजनीतिक अवरोधहरू सामना गरेको थियो। सन् २०१९ देखि संयुक्त राज्य अमेरिकाले नयाँ न्यायाधीशहरूको नियुक्ति रोकेको कारण यसको विवाद समाधान प्रणाली पनि कमजोर भएको जनाइएको छ । ट्रम्पको आक्रामक व्यापार नीतिले व्यापार र राष्ट्रिय सुरक्षा चिन्तालाई बढाएको छ भने विश्व व्यापार सङ्गठन अत्यधिक दबाबमा रहेको एकजना पश्चिमी कूटनीतिज्ञले नाम नछाप्न सर्तमा बताउनु भएको छ।

#### ट्रम्प सङ्कटमा, चीन बलियो

मध्यपूर्व युद्धले अमेरिकी कूटनीतिक समीकरण हल्लाइरहेका बेला प्रस्तावित अमेरिका–चीन शिखर सम्मेलनमा शक्ति सन्तुलन बेइजिङतर्फ झुक्ने सङ्केत देखिएको छ । विश्लेषकहरूका अनुसार इरान–इजरायल द्वन्द्वमा फसेपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प कमजोर स्थितिमा पुग्नुभएको छ। यसले चिनियाँ राष्ट्रपति सी जिनपिङलाई वार्तामा थप लाभ लिन सक्ने अवस्था बनाएको छ।

यसै महिनाको अन्त्यतिर बेइजिङ भ्रमण गर्ने तय भए पनि मध्यपूर्वको बिग्रँदो परिस्थितिका कारण ट्रम्पले आफ्नो यात्रा केही हप्ताका लागि स्थगित गर्नुभएको छ। इजरायलसँग मिलेर इरानमाथि आक्रमण गर्ने निर्णयपछि क्षेत्रीय हिंसा चर्किएको, ऊर्जा मूल्य उच्च विन्दुमा पुगेको र इरानले स्ट्रेट अफ होर्मुज प्रभावकारी रूपमा बन्द गरेपछि विश्वव्यापी आपूर्ति अवरोधको जोखिम बढेको पृष्ठभूमिमा उहाँको कूटनीतिक विकल्प सीमित बन्दै गएको विश्लेषण गरिएको छ।

युद्धको अन्त्य कसरी गर्ने भन्ने स्पष्ट रणनीति तय गर्न कठिनाइ भइरहेका बेला परम्परागत सहयोगीहरूबाट पनि अपेक्षित समर्थन नपाउँदा ट्रम्प चीनसँग कूटनीतिक उपलब्धि खोज्न बाध्य हुनसक्ने आकलन गरिएको छ । अन्तर्राष्ट्रिय क्राइसिस ग्रुपका वरिष्ठ सल्लाहकार अली विनले अमेरिकी शक्ति प्रदर्शन उल्टै असर पार्दै 'अमेरिकी सर्वशक्तिको भ्रम कमजोर बनाएको' टिप्पणी गर्नुभयो । उहाँका अनुसार होर्मुज जलडमरूमध्य पुनः खोल्न एक्लै असमर्थ अमेरिकालाई अहिले आफ्नै प्रतिद्वन्द्वी चीनको सहयोग आवश्यक परेको छ।

मङ्गलबार ट्रम्पले आफू 'पाँच वा छ हप्ताभित्र' चीन जाने अपेक्षा गरेको बताउनुभएको थियो। सम्भावित शिखर सम्मेलनको मुख्य उद्देश्य अघिल्लो अक्टोबरमा दक्षिण कोरियामा भएको भेटमा सहमति भएको भन्सार शुल्क युद्धविरामलाई औपचारिक रूप दिने मानिएको छ । तर वर्तमान कमजोर अवस्थाले अमेरिकालाई गहिरो कर कटौती वा महत्त्वपूर्ण खनिज पहुँचजस्ता विषयमा कडा अडान लिन कठिन हुने देखिएको छ।

गत सप्ताहन्त पेरिसमा भएका अमेरिकी–चिनियाँ व्यापार वार्तालाई 'रचनात्मक' भनिए पनि ठोस उपलब्धि नदेखिएको विश्लेषण गरिएको छ। युरेशिया समूहका डान वाङका अनुसार व्यापार, प्रविधि र अधिकारसम्बन्धी दीर्घकालीन विवादका कारण द्विपक्षीय विश्वास कमजोर बनेको छ, जसले ठूलो सहमतिको सम्भावना सीमित बनाएको छ। त्यसमाथि, चीनसहित ६० अर्थतन्त्रमा अतिरिक्त औद्योगिक क्षमतासम्बन्धी अमेरिकी अनुसन्धानले बेइजिङलाई असन्तुष्ट बनाएको छ।

यसबीच चीनले आफ्नो रणनीतिक लाभ जोगाइरहेको देखिन्छ । बेइजिङले होर्मुज जलडमरूमध्य पुनः सञ्चालनमा ल्याउन अमेरिकाको आग्रहलाई हालसम्म बेवास्ता गरेको छ भने दुर्लभ पृथ्वी खनिज निर्यातमा कडाइ पनि यथावत् राखेको छ । यी खनिजहरू अमेरिकी रक्षा उद्योगका लागि अत्यावश्यक मानिन्छन् । सिङ्गापुरको नेसनल युनिभर्सिटीका जेसन बेडफोर्डका अनुसार केही 'भारी' दुर्लभ पृथ्वी तत्त्वहरू ड्रोन, जेट, मिसाइल प्रणाली र राडारमा प्रयोग हुने भएकाले तिनको आपूर्ति नियन्त्रणले अमेरिकी सैन्य उत्पादनमै असर पार्न सक्छ।

अमेरिकाको आन्तरिक राजनीतिमा पनि यस सङ्कटको प्रभाव देखिन सक्ने सङ्केत गरिएको छ। चीनले कृषि उत्पादन खरिदजस्ता विषयलाई वार्तामा दबाबका रूपमा प्रयोग गर्न सक्ने बताउँदै विश्लेषकहरूले रिपब्लिकन दलका लागि महत्त्वपूर्ण मध्यावधि निर्वाचनमा यसको असर पर्न सक्ने बताएका छन् । फुदान विश्वविद्यालयका वु सिन्बोले चीनसँग सम्बन्ध स्थिर राख्न नसक्दा अमेरिकाले थप चुनौती सामना गर्नुपर्ने चेतावनी दिनुभयो।


यद्यपि, सम्भावित शिखर सम्मेलनले दुवै देशका दीर्घकालीन भू–रणनीतिक लक्ष्यमा ठूलो परिवर्तन ल्याउने सम्भावना कम देखिएको छ। ट्रम्प प्रशासनले बढ्दो ऊर्जा मूल्य नियन्त्रण गर्न इरानी तेलमाथिका केही प्रतिबन्ध खुकुलो पार्ने विचार गरिरहेको बताइएको छ, जसले चीनलाई लाभ पुग्न सक्ने विश्लेषण गरिएको छ । चीनलाई प्रतिबन्धित इरानी तेलको मुख्य खरिदकर्ता मानिने भएकाले यसले तेहरानको अर्थतन्त्रलाई सहारा दिने भूमिका खेलिरहेको छ।

यता, ताइवानलाई अमेरिकी हतियार आपूर्ति जारी रहुन्जेल चीनले इरानसँगको रक्षा सहकार्य सीमित गर्ने कुनै प्रेरणा नपाउने विश्लेषकहरूले बताएका छन् । यसले व्यापक शक्ति प्रतिस्पर्धा अझ जटिल बनाएको छ।

बेइजिङका सर्वसाधारणबीच पनि ट्रम्पको सम्भावित भ्रमणप्रति मिश्रित प्रतिक्रिया देखिएको छ । एक स्थानीय आइटी कर्मचारीले उहाँलाई 'अस्थिर निर्णय गर्ने नेता' का रूपमा चित्रण गर्दै सम्झौतापछि पनि धारणा परिवर्तन हुन सक्ने बताएका छन्। अर्को एक वित्त क्षेत्रका कर्मचारीले भने अमेरिकी पक्षबाट अझै पनि सकारात्मक सम्बन्धको सङ्केत आएको रूपमा यस भ्रमणलाई हेरेका छन्। एएफपी

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# प्रचण्डलाई सांसद रहबर अन्सारीको सुझाव 'भोट होइन, चरित्र जाँच्नुस्'



**मधेशदृष्टि**
**कलैया ।**
बारा निर्वाचन क्षेत्र नम्बर–४ बाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का संघीय सांसद रहबर अन्सारीले नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'लाई भोट होइन, चरित्र मूल्यांकन गर्न सुझाव दिएका छन् ।

नेकपा अध्यक्ष दाहालले 'घण्टी' चुनाव चिन्हमा मतदान गर्ने आफ्ना नेता–कार्यकर्तामाथि कारबाही गर्ने चेतावनी दिएपछि अन्सारीले त्यसप्रति प्रतिक्रिया जनाएका हुन् । उनले लोकतन्त्रमा गोप्य मतदानको विशेष महत्व रहने उल्लेख गर्दै यसलाई शंका गर्ने होइन, सम्मान गर्ने संस्कार आवश्यक रहेको बताएका छन् ।

सामाजिक सञ्जाल फेसबुकमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै अन्सारीले वास्तविक सुधार चाहने हो भने आयस्रोत स्पष्ट नभए पनि विलासी जीवन बिताउने नेता, व्यवसायीलाई धम्की दिएर चन्दा असुल्ने समूहका सदस्यहरूलाई कारबाही गर्नुपर्ने उल्लेख गरेका छन् । उनले थप्दै ठेक्का–पट्टा लिएर सिंहदरबार धाउने दलाल, सरकारी कर्मचारीसँग अनुचित सुविधा माग्ने प्रवृत्ति र कमिसनमा योजना बेच्ने प्रतिनिधिहरूमाथि कडाइ गर्नुपर्नेमा जोड दिएका छन् ।

अन्सारी यसअघि माओवादी केन्द्रमा रहँदा अध्यक्ष प्रचण्डका निकट मानिन्थे । २०७९ सालको निर्वाचनमा उनी माओवादी केन्द्रकै तर्फबाट पर्सा क्षेत्र नम्बर–१ (क) बाट प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए ।

# विश्व मुख स्वास्थ्य दिवसमा जनचेतनामुलक ऱ्याली



**मधेशदृष्टि**
**वीरगंज ।**
विश्व मुख स्वास्थ्य दिवसका अवसरमा शुक्रबार वीरगंजमा ब्यानर र प्लेकार्ड सहित जनचेतनामूलक ¥याली सम्पन्न गरिएको छ । नेपाल डेन्टल एसोसिएसन वीरगञ्जले आयोजना गरेको ¥याली वीरगंज महानगरको विभिन्न क्षेत्र परिक्रमा गर्दै घण्टाघर चोकमा पुगेर कोणसभामा परिणत भएको थियो ।

'स्वस्थ मुख, सुखी जीवन' नारासहित आयोजना गरिएको उक्त ¥याली दन्त स्वास्थ्यसम्बन्धी जनचेतना फैलाउने उद्देश्यले आयोजना गरिएको दन्त रोग विशेषज्ञ डा. विकास पटेलले बताए । कोण सभाका वक्ताहरूले मुख र दाँत स्वस्थ्यलाई सामान्य ठानेर वेवास्ता गरिए जटिल समस्या आउने तर्फ सचेत गराएका छन् । व्याक्तित्व विकास र दीर्घजिवी निरोगीपनको लागि समेत मुख तथा दाँत स्वास्थ्य अति आवश्यक रहेको भन्दै बक्ताहरूले दाँतको सरसफाई र आवधिक परिक्षणमा ध्यान दिन आग्रह गरेका छन् । कार्यक्रममा वीरगंज क्षेत्रमा क्रियशिल दन्त चिकित्सक, विभिन्न संघ÷संस्थाका प्रतिनिधी एवं नागरिक अगुवाहरूको सहभागिता थियो ।

# रेडियो धनुषाको वार्षिकोत्सवमा पत्रकार माधुरी महतो सम्मानित



**मधेशदृष्टि**
**वीरगंज ।**
धनुषास्थित रेडियो धनुषा ९९.७ मेगाहर्जले आफ्नो छैटौं वार्षिकोत्सवको अवसरमा मधेस मधेस खबर अनलाइनकी सम्पादक तथा बीबीसी नेपाली सेवामा आबद्ध पत्रकार माधुरी महतोलाई सम्मान गरेको छ । शुक्रबार आयोजित विशेष कार्यक्रममा उनलाई मधेस प्रदेशकै उत्कृष्ट महिला पत्रकारको रूपमा नगदसहित सम्मानित गरिएको हो ।

धनुषाधाम नगरपालिका–३ मा सम्पन्न उक्त कार्यक्रममा पूर्वमन्त्री एवं सांसद मातृका प्रसाद यादव प्रमुख अतिथिका रूपमा उपस्थित थिए । कार्यक्रममा मिडिया काउन्सिल मधेस प्रदेशका अध्यक्ष सुरेश यादव र ग्रेटर मधेस मिडिया प्रालि तथा रेडियो धनुषाका अध्यक्ष मुकेश कुमार ठाकुरले महतोलाई नगद पुरस्कारसहित सम्मानपत्र प्रदान गरेका थिए ।

रेडियो धनुषाका अध्यक्ष ठाकुरका अनुसार पत्रकारितामार्फत आवाजविहीन समुदायको मुद्दा उठाएर नीति निर्माण तहसम्म पु¥याउन गरेको योगदानको कदरस्वरूप महतोलाई सम्मान गरिएको हो । वीरगंजलाई कार्यक्षेत्र बनाएर करिब १८ वर्षदेखि सक्रिय पत्रकारिता गर्दै आएकी महतोसँग रेडियो पत्रकारितामा पनि डेढ दशकभन्दा बढी अनुभव छ ।

हाल उनी मधेस खबर अनलाइनकी सम्पादकका साथै बीबीसी नेपाली सेवामा समेत कार्यरत छिन् । यसअघि पनि उनले पत्रकारितामा उल्लेखनीय योगदानका लागि विभिन्न पुरस्कार र सम्मान प्राप्त गरिसकेकी छिन् ।

उक्त कार्यक्रममा अन्य पत्रकारहरूलाई पनि सम्मान गरिएको थियो । ढल्केबरका गोरखापत्र दैनिकका विजय साह, सिरहाका नयाँ पत्रिकाका मनिलाल बिक तथा रेडियो मिथिलामा कार्यरत मनिष मैथिललाई पनि सम्मानित गरिएको आयोजकले जनाएको छ ।

# भारततर्फ लैजान लागिएको घरेलु मदिरा नष्ट



**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल, लहावरथकरी नेपालबाट भारततर्फ लैजान लागिएको घरेलु मदिरा बरामद गरी नष्ट गरेको छ । शुक्रबार बिहान करिब १०ः३० बजे पर्साको पकाहाँमैनपुर गाउँपालिका–४ धोवियाटोला नजिक बाटोमा घरेलु मदिरा बरामद भएको हो ।

सशस्त्र प्रहरी नायब निरीक्षक ज्ञानबहादुर आले मगरको कमाण्डमा खटिएको मोटरसाइकल गस्ती टोलीले साइकल यात्रुको शंकास्पद गतिविधि देखेपछि चेकजाँच गरेको थियो । सो क्रममा नेपालबाट साइकिलमा राखेर भारततर्फ अवैध रूपमा लैजान लागिएको करिब ७५ लिटर घरेलु मदिरा फेला परेको थियो ।

प्रहरी टोलीले साइकल रोक्न भन्ने वित्तिकै मदिरा छोडेर साइकिलसहित फरार भएको सशस्त्र प्रहरीले जनाएको छ । बरामद गरिएको करिब ७५ लिटर घरेलु मदिरा स्थानीय जनप्रतिनिधि, नेपाल प्रहरी, सञ्चारकर्मी र नागरिक अगुवाहरूको रोहवरमा नस्ट गरिएको सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा गुल्म लहावरथकरीले जनाएको छ ।

# रौतहटमा वृक्षारोपण प्रतियोगिता हरियाली सामुदायिक वन उपभोक्ता समूह प्रथम

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको चन्द्रपुर र गुजरा नगरपालिकामा सञ्चालित जलवायु जोखिम न्यूनीकरण परियोजना अन्तर्गत आयोजित वृक्षारोपण प्रतियोगितामा चन्द्रपुर–२ स्थित हरियाली सामुदायिक वन उपभोक्ता समूह पहिलो भएको छ।

चन्द्रपुर ९ र गुजर १ गरी कुल १० सामुदायिक वन समूहले भाग लिएका सो प्रतियोगिता वन संरक्षण र वृक्षारोपणमा प्रेरीत गर्ने उद्देश्यले आयोजना गरिएको हो। आयोजक अक्सफाम नेपाल र ग्रामीण विकास केन्द्र नेपालको संयुक्त साझेदारीमा सञ्चालित 'जलवायु जोखिम तथा संकटासन्नताको लागि, सामुदायिक उत्थानशील परियोजना' अन्तर्गत प्रतियोगिता भएको हो।

विश्व वातावरण दिवसको उपलक्ष्यमा ५ जुन देखि बृक्षारोपन प्रतियोगिता सुरु भएको थियो । सहभागी समूहहरूले १९.५ हेक्टर खाली र बाँझो जमिन, नदीले छोडेका क्षेत्र तथा वनविहीन भूभागमा ३१ हजार १५ वटा विरुवा रोपेका छन्।

मूल्याङ्कन समितिका अनुसार प्रतिस्पर्धामा सहभागि हरियाली सामुदायिक वनले ७६ अंक प्राप्त गर्दै प्रथम स्थान हासिल गरेको छ भने सखुवानी सामुदायिक वन ५८ अंकसहित द्वितीय र जनएकता सामुदायिक वन चन्द्रपुर ५७ अंकसहित तृतीय बनेको छ।

प्रथम हुने वनलाई पुरस्कार स्वरुप करिब एक लाख रुपैयाँ बराबरको सामग्री, जसमा टेबल, अफिस कुर्सी, ३५ वटा अतिथि कुर्सी र एक सेट सोफा प्रदान गरिएको छ।

# हिडडुल गर्न नसक्नेलाई ह्वीलचेयर प्रदान




**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका वार्ड न. ११ निवासी हिड डुल गर्न नसक्ने एक जनालाई ह्वील चेयर प्रदान गरेको छ। उपकार सेवा नेपाल र क्विन ज्वेलर्सको समन्वय तथा सहयोगमा असक्त व्यक्तिको घरमै पुगि व्हिलचेयर सहयोग प्रदान गरिएको हो।

हात खुट्टा नचल्ने असक्त ५५ बर्षिय लालबाबु नेपालीलाई शुक्रवार विहान ह्वील चेयर प्रदान गरिएको सामाजिक अभियान्ता प्रकाश थारुले जानकारी दिएका छन् । वितेको २ बर्ष देखि ओच्छयानमा परेका नेपालीलाई ह्वील चेयार प्रदान गर्न उपकार सेवा नेपालका अध्यक्ष बिध्या कुमारी सरावगी, सामाजिक अभियन्ता थारु, अमर सर्राफ, प्रज्वलमान डङ्गोल दिप्पु बर्णवाल उनको मुर्ली स्थित घरमा पुगेका थिए।

सो अवसरमा वीरगंज ११ का वडाअध्यक्ष अजय चौरासिया साथै स्थानीय भद्रभलादमी हरुको उपस्थितिमा थियो । यसअघि पनि सो संस्थाले विभिन्न दूरदराजको गाउँ घरमा पुगि असहाय निसहायहरुलाई आवश्यकता अनुसारको सहयोग गर्दै आईरहेको छ।

## अन्तर्राष्ट्रिय ज्योतिष सम्मेलनमा भाग लिन

# उच्चस्तरीय प्रतिनिधिमण्डल वीरगंजबाट पटना प्रस्थान

**मधेशदृष्टि**
**वीरगंज ।**
भारतको पटनामा आयोजना हुन लागेको 'अन्तर्राष्ट्रिय ज्योतिष सम्मेलन–२६' को तयारी तथा समीक्षाका लागि नेपालबाट सहभागि हुने विश्व ज्योतिष महासंघको उच्चस्तरीय प्रतिनिधिमण्डल शुक्रवार वीरगंजबाट पटना तर्फ प्रस्थान गरेको छ । काठमण्डौबाट आएको उच्च स्तरीय टोलीलाई विषयमा स्वागत साथै विदाई गरिएको थियो । प्रतिनिधिमण्डलमा विश्व ज्योतिष महासंघका अध्यक्ष डा. लोकराज पौडेल, कोषाध्यक्ष डा. सुबोध शुक्ला, दक्षिण एशियाई ज्योतिष महासंघका अध्यक्ष आचार्य लक्ष्मण पन्थी र महासचिव भरतमणि ज्ञवाली रहेका छन् ।

टोली तीन दिनसम्म पटनामा रही आयोजक समिति, अन्तर्राष्ट्रिय समिति तथा समीक्षा बैठकहरूमा सहभागिता जनाउने कार्यक्रम रहेको छ ।

काठमाडौँबाट वीरगंज आइपुग्ने क्रममा उक्त टोलीलाई विश्व ज्योतिष महासंघ का एशिया उपसभापति डा. पुरुषोत्तम दुबे सहित वीरगंजका उद्योगी, व्यावासायी, समाजसेवी तथा नागरिक अगुवाहरूले अभिनन्दन गरेको थियो ।

सो अवसरमा टोलीले गहवा माई मन्दिरमा दर्शन तथा पूजा–अर्चना समेत गरेको मन्दिरका मूल पुजारी राधेश्याम उपाध्यायले बताएको छ । कार्यक्रममा गहवा माई तीर्थ क्षेत्र विकास समितिका उपाध्यक्ष देवानन्द कलवार, महासचिव पप्पु गुप्ता, ब्राह्मण समाजका बृजमोहन तिवारी तथा ज्योतिष परिषद्का पण्डित श्याम सुन्दर पाण्डेयलगायतको सहभागिता थियो ।

# निःशुल्क आँखा परीक्षण तथा उपचार शिविर



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज स्थित हरी खेतान बहुमुखी क्याम्पसमा निःशुल्क आँखा परिक्षण तथा उपचार शिविर शुक्रवार सम्पन्न भयो । सिद्धी आँखा उपचार केन्द्र, ग्रीन सिटी सामुदायिक सेवा केन्द्र तथा ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्रको संयुक्त आयोजनामा सम्पन्न शिविरमा क्याम्पसका ४५० जना विद्यार्थीको आँखा परिक्षण गरिएको थियो ।

समाजसेवी रामऔतार खेतान प्रमुख अतिथी रहेका शिविर उदघाटन समारोहको अध्यक्षता ग्रीन सिटी सामुदायिक सेवा केन्द्र आदर्शनगरका अध्यक्ष जय प्रकाश खेतानले गरेका थिए । शिविरमा डा. आदित्य प्रसाद, डा. बिपिसा श्रेष्ठ लगायतले विशेषज्ञ सेवा प्रदान गरेका थिए भने डा.निरज सिंह, नेपाल इनोभेटिभ सोसाइटी वीरगंजका अध्यक्ष कमल चौगाई, प्रहरी नायव निरिक्षक दिपेन्द्र टमटा लगायतले सहजीकरण गरेका थिए ।

सो अवसरमा विद्यार्थीहरूको आँखा परीक्षण, परामर्श तथा आवश्यक औषधि वितरण गरिएको आयोजक संस्थाले जनाएको छ । कार्यक्रममा लायन्स क्लब काठमाडौंका लायन्सकर्मीहरूले शिविरमा विशेष योगदान पु¥याउने व्यक्तिहरूलाई सम्मान गरेको थियो ।

# चैती छठको तयारीबारे भेला सम्पन्न

**मधेशदृष्टि**
**रक्सौल ।**
चैती छठको तयारी बारे सूर्य मन्दिर समिति, रक्सौलको कार्यकारिणी भेला शुक्रवार रक्सौल थाना परिसरमा सम्पन्न भएको छ । स्थानीय विधायक प्रमोद कुमार सिन्हाको अध्यक्षतामा सम्पन्न भेलामा संरक्षक तथा अनुमण्डल पदाधिकारी मनीष कुमार, थानाध्यक्ष एसपी हेमन्त सिंहलगायत कार्यकारिणी सदस्यहरूको सहभागिता थियो ।

सो अवसरमा विधायक सिन्हाले आगामी चैती छठ पर्वलाई लक्षित गर्दै सूर्य मन्दिरस्थित छठ घाटको सरसफाइ तथा आवश्यक व्यवस्थापनमा विशेष ध्यान दिन आग्रह गरे । कार्यक्रममा अनुमण्डल पदाधिकारी मनीष कुमार र थानाध्यक्ष हेमन्त सिंहले छठ पर्वका अवसरमा सुरक्षा व्यवस्था कडा बनाउने तथा व्रतालु र श्रद्धालुहरूको सुविधा सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गरेका मिडिया प्रभारी रजनीश प्रियदर्शीले जानकारी गराएका छन् ।

वीरगंजमा जस्तै रक्सौलमा पनि चैती छट पर्व श्रद्धा र भक्ति पूर्वक धुमधामका साथ मनाउने गरिन्छ ।

# मारवाडी प्रिमियर क्रिकेट लिग पहिलो खेलमा गौरीशंकर हिटर्स विजयी



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज आदर्शनगर रंगशालामा जारि मारवाडी प्रिमियम क्रिकेट लिग अन्तगर्त शुक्रबार पहिलो खेल धौलागिरी बौद्धीमाई र गोरीशंकर हिटर्स विच भएकोमा गौरी शंकर हिटर्स विजयी भएको छ । बिहान ११ बजे सुरू भएको खेलमा धौलागिरीले ९ विकेट गुमाएर १५ ओभरमा १३३ रन बनाएको थियो ।

सो को प्रतिउत्तरमा बलिङ गरेको गौरीशंकरले निर्धारित २० ओभरको खेलमा ६ विकेट गुमाउदै १४.२ ओभरमा निर्धारित लक्ष्य पुरा ग¥यो । चार विकेटले गौरीशंकर विजयी भएको हो । उक्त खेलको म्यान अफ दी म्याच गौरीशंकरको अजय योगी घोषित भएको ग्रिन सिटी सामुदायीक सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले जानकारी गराएका छन् ।

दोस्रो खेल दिउँसो दुइ बजे देखि मनास्लु राइजर्स र मकालु महाकाल राइजर्स विच सुरु भएकोमा एक इनिङ खेल भएपछि प्रतिकुल मौसमको कारण खेल स्थगित भएको छ ।

# भारतबाट उद्धार गरिएका दुई नेपाली युवती स्वदेश फिर्ता

## अढाई महिनामै ६३ महिलाको उद्धार



**मधेशदृष्टि**
**वीरगंज ।**
भारतका विभिन्न बालिका गृहमा लामो समयदेखि आश्रय लिइरहेका दुई नेपाली युवतीलाई अन्ततः स्वदेश फर्काइएको छ । मानव बेचबिखनविरुद्ध सक्रिय संस्था 'आफन्त इन्डिया फाउन्डेशन'की रिप्याट्रेशन अधिकृत सुनिता जैरुको पहलमा धनुषाको धनुषाधाम नगरपालिका र पर्साको वीरगंज–२१ निवासी २२÷२२ वर्षीया युवतीलाई सुरक्षित रूपमा वीरगंज ल्याइएको हो । हाल दुवै युवती 'आफन्त नेपाल'को वीरगंज शाखाअन्तर्गत रहेको आश्रय गृहमा राखिएको छ । उनीहरूको परिवारसँग सम्पर्क स्थापित भइसकेको छ र आफन्तजन उनीहरूलाई लिन वीरगंज आउने क्रममा रहेको शाखा प्रमुख मनु रानाले जानकारी दिइन् ।

वीरगंजकी युवतीको सन् २०१९ मा १५ वर्षको उमेरमै भारत, उत्तर प्रदेशको गोन्डा निवासी युवकसँग बालविवाह भएको थियो । विवाहपछि निरन्तर शारीरिक तथा मानसिक हिंसा भोग्नुपरेपछि उनको मानसिक अवस्था कमजोर बन्दै गयो । अन्ततः सन् २०२३ मा घर छोडेर निस्किएकी उनलाई भारतको अयोध्या क्षेत्रको सडकमा अस्वस्थ अवस्थामा प्रहरीले भेटी स्थानीय राजकीय महिला शरणालयमा राखेको थियो । त्यहाँ तीन वर्षको उपचार तथा संरक्षणपछि अवस्था सामान्य बनेपछि उनले आफ्नो माइतीको ठेगाना खुलाइन् । त्यसपछि भारतीय प्रहरीमार्फत दिल्लीस्थित नेपाली दूतावास हुँदै 'आफन्त इन्डिया फाउन्डेशन'सँग सम्पर्क स्थापित गरिएको थियो ।

उता धनुषाधामकी अर्की युवतीको पनि पीडा कम थिएन । चार वर्षअघि १८ वर्षकै उमेरमा विवाह गरेकी उनलाई मानसिक रूपमा अस्वस्थ रहेका पतिले निरन्तर कुटपिट गर्थे । पछि समाजकै दबाबमा देवरसँग पुनः विवाह गराइएपनि दुबै पति तथा परिवारका सदस्यबाट निरन्तर शारीरिक र मानसिक हिंसा सहनुप¥यो । अमानवीय व्यवहारबाट आजित भई घर छोडेकी उनी भारतको राजस्थानस्थित भरतपुर पुगेकी थिइन् । रेल चढ्ने क्रममा भेटिएकी उनलाई 'अपना घर' नामक संस्थाले उद्धार गरी सवाई माधोपुरको बालिका गृहमा राखेको थियो । पछि उनले आफ्नो ठेगाना बताएपछि उनको विषयमा पनि 'आफन्त इन्डिया फाउन्डेशन'लाई जानकारी पुगेको थियो ।

सुनिता जैरुका अनुसार दिल्लीस्थित नेपाली दूतावास र भारतीय प्रहरीसँगको समन्वयमा दुवै युवतीलाई स्वदेश फर्काउन सफल भएको हो ।

**अढाई महिनामै ६३ महिलाको उद्धार**

'आफन्त नेपाल' वीरगंज शाखाले चालु वर्ष २०२६ को अढाई महिनामै ६३ जना महिलाको उद्धार गरेको जनाएको छ । शाखा प्रमुख मनु रानाका अनुसार नेपाल–भारत सीमाक्षेत्र तथा समुदायबाट बेचबिखनको जोखिममा रहेका महिलालाई उद्धार गरिएको हो ।

उद्धार गरिएकामध्ये दुई जनालाई संस्थाको सेफ होममा सीपमूलक तालिमका लागि पठाइएको छ भने ६१ जनालाई परिवारसँग पुनर्मिलन गराइएको छ । गत वर्ष २०२५ भरिमा शाखाले २१५ महिलाको उद्धार गरेको थियो, जसमा २०६ जनालाई परिवारको जिम्मा लगाइएको थियो भने ९ जनालाई तालिमका लागि आश्रय गृहमा राखिएको थियो ।

त्यस्तै, संस्थाले मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दामा ५ जनाविरुद्ध प्रहरीमा उजुरी दर्ता गराएको छ भने ४ जनाविरुद्ध जबरजस्ती करणीको मुद्दा चलाइएको छ । एक जनाविरुद्ध अभद्र व्यवहारको आरोपमा समेत कारबाही अघि बढाइएको छ ।

# सरसफाई तथा मूल्यसूचि कागजातमा

## लापरवाही गर्ने ४ व्यवसायीलाई कारवाही



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको मुख्य बजार क्षेत्र गीता मन्दिर रोडमा गरिएको संयुक्त अनुगमनमा सरसफाइ, मूल्यसूची र कानुनी कागजातमा कमजोरी देखिएका ४ व्यवसायीलाई कुल रु २५ हजार जरिवाना गरिएको छ ।

अनुगमन वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगञ्जको नेतृत्वमा गरिएको थियो । टोलीले फुड गार्डेन, लक्ष्मी सेकुवा होटल, नेवा सेकुवा पस र सोखिन मस्म सेन्टरको निरीक्षण गर्दै खाद्य स्वच्छता, भान्सा क्षेत्रको सरसफाइ, खाद्य सामग्री भण्डारण, पानीको गुणस्तर र कर्मचारीको व्यक्तिगत सरसफाइमा ध्यान दिएको थियो ।

निरीक्षणको क्रममा केही व्यवसायीले मूल्यसूची नदेखाउनु, आवश्यक कागजात अद्यावधिक नगर्नु र सरसफाइ मापदण्ड पालना नगर्नु जस्ता कमजोरी देखिएपछि तत्काल सुधार गर्न निर्देशन दिई जरिवाना गरिएको हो । अनुगमन टोलीले भविष्यमा पनि यस्ता व्यवसायहरूको कडा निगरानी जारी रहने बताए । टोलीले व्यवसायीहरूलाई
उपभोक्तालाई सुरक्षित तथा गुणस्तरीय खाद्य सेवा उपलब्ध गराउन सचेत गराउँदै मापदण्ड पालना नगर्ने भए थप कडा कारबाही गरिने चेतावनी दिएको छ ।

अनुगमनमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयका मधुलेश प्रसाद साह, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका श्रवण कुमार साह, जिल्ला प्रशासन कार्यालयका ब्रह्मदेव यादव, उपभोक्ता हित संरक्षण मञ्चका अजित भुजेल, वीरगंज उद्योग वाणिज्य संघका मनोज कुमार दास, जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी सहायक निरीक्षक रामबाबू प्रसाद यादव र सञ्चारकर्मी अभिलाष गुप्ता सहभागी थिए ।

# नवनिर्वाचित सांसद पन्त सम्मानित



**मधेशदृष्टि**
**वीरगंज ।**
चलचित्र पत्रकार संघ नेपाल, पर्साले पर्सा क्षेत्र नं. १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित बुद्धि प्रसाद (हरि) लाई सम्मान गरेको छ । शुक्रवार वीरगंजमा आयोजित कार्यक्रममा संघका अध्यक्ष सूर्यनारायण वि.क.सहित पदाधिकारी तथा कार्यसमिति सदस्यहरूले पन्तलाई सम्मान गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरेका हुन् ।

सो अवसरमा सांसद पन्तले नेपाली चलचित्रको बजार विस्तार, दर्शकलाई सही सूचना प्रवाह तथा स्थानीय चलचित्रकर्मीलाई प्रोत्साहन गर्ने काम गर्दै आएको भन्दै संघको सक्रियताको प्रशंसा गरे । उनले आफू होटल तथा पर्यटन व्यवसायीसँगै चलचित्र निर्माता पनि भएको उल्लेख गर्दै यस क्षेत्रको विकासका लागि नीतिगत र संरचनागत दुवै तहमा पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रमम सो संघका अध्यक्ष सुर्य नारयण वि.क.ले चलचित्रमार्फत पर्यटन प्रवद्र्धन गर्न विशेष पहल गरिदिन सांसद पन्तलाई आग्रह गरे । पर्सामा पर्याटनको पचुर सम्भावना रहेको भएता पनि त्यसतर्फ ध्यान नपुगेको उनको भनाई थियो ।

यसैगरि संघ पर्साका सदस्य जय यादवले बिन्दबासिनी मन्दिर, भाठाधाम मन्दिर र पारसनाथ मन्दिरजस्ता ऐतिहासिक तथा धार्मिक स्थलको संरक्षण, प्रवद्र्धन र व्यवस्थापनमा सरकारले ध्यान दिनुपर्ने औँल्याए ।

# पचगावाँ स्कुलमा वित्तीय साक्षरता कार्यक्रम

## विद्यार्थीहरूको उत्साहजनक सहभागिता

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको सखुवा प्रसौनी गाउँपालिका–२ स्थित दिपनारायण आदर्श माध्यमिक विद्यालय पचगावाँमा शुक्रबार वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ । 'ग्लोबल मनी विक'को अवसर पारेर कृषि विकास बैंक शाखा कार्यालय सखुवा प्रसौनीले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रम अन्तर्गत वित्तीय चेतनामूलक सन्देश लेखिएका प्लेकार्ड बोकेर निकालिएको प्रभातफेरीले पचगावाँ, औराहा र श्रीपुर बजारको परिक्रमा गरेको थियो ।

त्यसपछि कृषि विकास बैंकको शाखा कार्यालयमा पुगेर कार्यक्रम कोणसभामा रूपान्तरण गरिएको थियो । कोणसभालाई सम्बोधन गर्दै कृषि विकास बैंक मधेस प्रदेश क्षेत्रीय कार्यालयका निर्देशक अर्जुन ढुंगानाले पैसाको सुरक्षित व्यवस्थापन र सही उपयोगको आवश्यकता औँल्याए । उनले बैंकलाई केवल पैसा राख्ने स्थान



मात्र नभई उत्पादनशील क्षेत्रमा लगानी गर्ने माध्यमको रूपमा लिनुपर्ने धारणा व्यक्त गरे । ग्रामीण क्षेत्रमा बैंकिङ पहुँच विस्तार भएसँगै सेवाग्राहीको सहभागिता बढ्दै गएको उल्लेख गर्दै उनले 'स्मार्ट मनी टल्क्स'को भावनाअनुसार सबैले वित्तीय अनुशासन अपनाउनुपर्ने बताए ।

त्यसैगरी, क्षेत्रीय शाखा प्रमुख विजय गौतमले सक्कली र नक्कली नोट छुट्याउने तरिकाबारे सहभागीलाई जानकारी गराए । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक शिवनाथ प्रसाद थारु तथा नेपाल पत्रकार महासंघ पर्साका सदस्य प्रमोद यादवले पनि वित्तीय साक्षरताको महत्वमाथि आफ्ना विचार राखेका थिए । कार्यक्रममा कक्षा ११ र १२ का विद्यार्थीका साथै सूचना प्रविधि विषय अध्ययनरत विद्यार्थीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

शाखा प्रबन्धक त्रिबेदी कुमार शाहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बैंकका कर्मचारीहरू अभिनाष ठाकुर, सोनि प्रीया महर्जन, किशोरलाल बछार र रामनिवास साह कानु लगायतको सक्रिय सहभागिता रहेको थियो ।




# 'कोईलाभार जंगल रिसोर्ट' सञ्चालनमा

## ग्रामीण पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको सखुवाप्रसौनी गाउँपालिका–१ स्थित मधुवन मथवल क्षेत्रअन्तर्गत कोइलाभार जंगलको आसपासमा 'कोईलाभार जंगल रिसोर्ट' सञ्चालनमा आएको छ । शुक्रबार आयोजित एक कार्यक्रमबीच पर्सा क्षेत्र नम्बर–२ का प्रतिनिधिसभा सदस्य सुशील कुमार कानुले रिसोर्टको औपचारिक उद्घाटन गरेका हुन् ।

उद्घाटन समारोहमा बोल्दै सांसद कानुले यस्ता पर्यटकीय संरचनाले ग्रामीण क्षेत्रमा रोजगारीका अवसर सिर्जना गर्नुका साथै स्थानीय संस्कृति र स्वादको अनुभव लिन सकिने वातावरण निर्माण गर्ने बताए । साथै, उनले यस्तो पहलले ग्रामीण भेगलाई वीरगञ्जसँग जोड्ने महत्वपूर्ण कडीको रूपमा काम गर्ने धारणा व्यक्त गरे ।

रिसोर्टका सञ्चालक सुनिल पटेलका अनुसार करिब एक बिघा क्षेत्रफलमा फैलिएको यस परियोजनामा झण्डै एक करोड रुपैयाँ लगानी गरिएको छ । उनले यो रिसोर्टले वीरगञ्ज र कोइलाभार क्षेत्रबीच पर्यटन प्रवद्र्धनमा पुलको भूमिका खेल्ने विश्वास व्यक्त गरे ।

रिसोर्टमा परिवारसहित बस्न मिल्ने आधुनिक तथा सुविधासम्पन्न कोठाहरू, स्विमिङ पुल र 'लाइभ फिसिङ'को विशेष आकर्षण रहेको छ । साथै, स्थानीय परम्परागत स्वादलाई प्राथमिकता दिँदै दाउरामा पकाइने खाना र सिलौटामा मसला पिसेर बनाइने परिकारहरू पनि उपलब्ध गराइने व्यवस्था गरिएको सञ्चालक पटेलले जानकारी दिए ।

# आजदेखि प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामस्थित रामजानकी बहुउद्देश्यीय अन्तर्राष्ट्रिय रंगशालामा हुने प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको छ । प्रतियोगिता चैत ७ गते शनिबारदेखि सुरु हुने आयोजकले जनाएको छ ।

नेपाल क्रिकेट संघका उपाध्यक्ष रोशन सिंहका अनुसार यसपटक प्रतियोगिता काठमाडौँ बाहिर आयोजना गरिनु मधेशका प्रतिभावान खेलाडीलाई अवसर दिनु प्रमुख उद्देश्य रहेको छ । उनले प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीले राष्ट्रिय टोलीमा स्थान बनाउन सक्ने सम्भावना रहने बताए । प्रतियोगितामा सातै प्रदेशका टोलीसँगै तीन विभागीय गरी कुल १० टोलीको सहभागिता रहनेछ । उद्घाटन खेल जनकपुरधाममा हुने र फाइनल खेल पर्सास्थित नारायणी रंगशालामा आयोजना गरिने कार्यक्रम रहेको छ ।

टुर्नामेन्ट निर्देशक आकाश पाण्डेका अनुसार प्रतियोगिताअन्तर्गत १७ खेल जनकपुरधाममा, १९ खेल वीरगंजको नारायणी रंगशालामा तथा १० खेल काठमाडौँस्थित मूलपानी क्रिकेट मैदानमा सञ्चालन हुनेछन् । मधेश प्रदेशमा पहिलोपटक यस स्तरको राष्ट्रिय क्रिकेट प्रतियोगिता आयोजना हुन लागेकोले आगामी दिनमा पनि यस्ता प्रतियोगिताहरू निरन्तर रूपमा सञ्चालन हुने वातावरण बन्ने विश्वास गरिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन